नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
**Securities Board of Nepal**
(Established by the Government of Nepal under Securities Act)

सिडिएस एण्ड क्लियरिङ्ग लि.
दर्ता नं. २९०५
मिति: २०७३।११।०३

मिति: २०७३।११।०२

प.स. ०७३।७४
च.नं. ९३०२

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.

पुतलीसडक, काठमाण्डौ ।

विषय: विनियमावली सम्बन्धमा ।

महाशय,

उपर्युक्त सम्बन्धमा तहाँबाट स्वीकृतीका लागि बोर्ड समक्ष पेश भएको "धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३ र धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३" लाई बोर्डको मिति २०७३।१०।२७ को निर्णयानुसार स्वीकृत भए बमोजिम यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(नवराज पण्डित)
अधिकृत,
कानून उपशाखा ।

Post Box No. 9031 Jawalakhel, Lalitpur, Nepal.
Phone : 00977-1-5541057, 5541058
E-mail: support@sebon.gov.np Website : www.sebon.gov.np

**बोर्डको मिति २०७३।१०।२७ को चार सय पन्चान्नब्बे (४९५) औं बैठकको निर्णय**

**निर्णय नं. १६८९**

सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोश्रो संशोधन) विनियमावली, २०७३ र धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोश्रो संशोधन) विनियमावली, २०७३ स्वीकृतिका लागि बोर्डमा पेश हुन आएकोमा उक्त संशोधनका सम्वन्धमा बोर्डको निर्णयानुसार कानून प्रवलिकरण समितिले अध्ययन गरी प्रस्तुत गरेको प्रस्तावित संशोधन बोर्ड समक्ष प्रस्तुत भएकोमा यस सम्वन्धमा विस्तृत छलफल भयो । छलफल पश्चात समितिको सिफारिश बमोजिम देहाय अनुसारका विनियमावलीहरु स्वीकृत गर्ने निर्णय भयो :

क. धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३

र

ख. धितोपत्र केन्द्रीय निक्षेप सेवा (दोस्रो संशोधन) विनियमावली, २०७३

## क. धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३

धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा संशोधन गर्न वाञ्छनीय भएकोले,
धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३०ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले देहायको विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (दोस्रो संशोधन) विनियमावली, २०७३" रहको छ ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले सार्वजनिक सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम ११ मा संशोधन :** धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (यस पछि "मूल विनियमावली" भनिएको) को विनियम ११ को उपविनियम (२) को सट्टा देहायको उपविनियम (२) राखिएको छ :-

"(२) यस विनियमावली बमोजिम धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गरे बापत प्रत्येकं खरिद र बिक्रीमा सिडिएससिले नेप्सेबाट कारोबार रकमको ०.०१७५ प्रतिशत कमिशन प्राप्त गर्नेछ ।"

३. **मूल विनियमावलीको विनियम १२ मा संशोधन** : मूल विनियमावलीको विनियम १२ को उपविनियम (२) को सट्टा देहायको उपविनियम (२) राखिएको छ :-

"(२) उपविनियम (१) बमोजिम नियुक्त बैंक, सिडिएससि, राफसाफ सदस्य र अन्य सम्बद्ध पक्षहरु बीच धितोपत्र कारोबार राफसाफका लागि सम्झौता गर्नु पर्नेछ ।"

४. **मूल विनियमावलीको विनियम १४ मा संशोधन** :मूल विनियमावलीको विनियम १४ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छ :-

"(१) सिडिएससिले धितोपत्र कारोबारको देहायका कुनै एक वा एक भन्दा बढी प्रकृया अवलम्बन गरी राफसाफ तथा फछ्र्यौटको कार्य गर्नेछ :-

(क) भौतिक रुपमा कारोबार भएको धितोपत्रको राफसाफ तथा फछ्र्यौट ट्रेड टु ट्रेड आधारमा,

(ख) अभौतिकीकरण भएका धितोपत्रको राफसाफ तथा फछ्र्यौट ट्रेड टु ट्रेड आधारमा, वा

(ग) नेटिङ्ग प्रणालीको आधारमा ।"

५. **मूल विनियमावलीको विनियम १५ मा संशोधन** : मूल विनियमावलीको विनियम १५ को,–

(१) उपविनियम (२) मा रहेका "सात कार्यदिन" भन्ने शब्दहरुको सट्टा "तीन कार्यदिन" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपविनियम (३) को सट्टा देहायको उपविनियम (३) राखिएको छ :-

"(३) राफसाफ सदस्यलाई उपविनियम (२) बमोजिम कारोबार गर्नबाट वञ्चित गर्नुका साथै राफसाफको लागि गलत कागजात वा धितोपत्र बुझाएकोमा सही कागजात वा धितोपत्र नबुझाएसम्म र राफसाफको लागि बुझाउनु पर्ने रकम र धितोपत्र नबुझाएकोमा त्यस्तो रकम र धितोपत्र नबुझाएसम्म कारोबार गर्नबाट वञ्चित गरिनेछ ।"